# राष्ट्रिय मानव अधिकार आयोग
**National Human Rights Commission**
**केन्द्रिय कार्यालय, Central Office**
हरिहर भवन, पुल्चोक, ललितपुर, HariharBhawan, Pulchowk, Lalitpur, Nepal

प.सं.
च. नं.

**प्रेस नोट**

(आमसञ्चारका माध्यममा तत्काल उपयोगको लागि)

२०७० फागुन २५ गते

## समयमै पाठ्यपुस्तकको उपलब्धता सुनिश्चित गर

देशका विभिन्न दुर्गम तथा पहाडी जिल्लाहरूमा पाठ्यपुस्तक अभाव हुने गरेको विगतको अनुभवलाई दृष्टिगत गरी राष्ट्रिय मानव अधिकार आयोगबाट खटिएको एक उच्चस्तरीय अनुगमन टोलीले जनक शिक्षा सामग्री केन्द्रको अनुगमन गरेको छ । अनुगमनका क्रममा टोलीले शिक्षाको अधिकारसँग जोडिएको पाठ्यपुस्तक छपाइ र वितरण-व्यवस्थाका विषयमा जानकारी लिएको छ ।

आयोगको अनुगमनबाट आवश्यकता अनुसार पाठ्यपुस्तकको छपाइ भएको भनिएता पनि पाठ्यपुस्तक ढुवानीमा सरकारबाट अनुदान प्राप्त नहुँदा समस्या हुने गरेको बुझिएको छ । पाठ्यपुस्तक ढुवानीको जिम्मेवारी पाएको साझा प्रकाशन र जनक शिक्षा सामग्री केन्द्रबीच समाप्त भएको सम्झौता नवीकरण नहुँदा आगामी शैक्षिक सत्रमा समेत विद्यार्थीले समयमै पाठ्यपुस्तक नपाउने अवस्था सिर्जना हुनसक्नेतर्फ आयोगको ध्यानाकर्षण भएको छ ।

उक्त केन्द्रलाई विद्यार्थीको वास्तविक तथ्याङ्क उपलब्ध नहुने तथा उपलब्ध तथ्याङ्कमा पनि दर्ता भएका तर सञ्चालनमा नरहेका विद्यालय एवम् फर्जी विद्यार्थी-संख्या उल्लिखित हुनेजस्ता प्रवृत्तिले पाठ्यपुस्तक प्रकाशन र समानुपातिक वितरणमा समस्या आउने गरेको बुझिएको छ ।

'मानव अधिकारको विश्वव्यापी घोषणापत्र, १९४८' को धारा २६; नेपालको अन्तरिम संविधान, २०६३ को धारा १७; आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्ध, १९६६ को धारा १३ 'बालअधिकारसम्बन्धी महासन्धि १९८९' को धारा २८ र २९ अनुरूप बालबालिकाहरूले समयमै पाठ्यपुस्तक प्राप्त गर्ने वातावरण निर्माण गरी नागरिकको शिक्षा पाउने आधारभूत अधिकार सुनिश्चित गर्न आयोग सरकारसँग आग्रह गर्दछ ।

(वेदप्रसाद भट्टराई)

कामु सचिव

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal,
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org